# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७५/०१/२६ गते

## प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

---

नेपाल विद्युत प्राधिकरण वितरण कार्यालय नेपालगञ्जमा कार्यरत सुपरभाईजर बिक्रान्त शुक्लाले थ्री फेज लाईन वितरण गर्ने प्रयोजनका लागि सेवाग्राहीसँग बिभिन्न बहाना बनाइ घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कोहलपुरबाट खटिइ गएको टोलीले निज सुपरभाईजर बिक्रान्त शुक्ला सहित सोही कार्यालयमा कार्यरत इन्जिनियर निसार अहमद खान र सहयोगी गिर्वललाल धोवीलाई रु.१५,०००/- (पन्ध्र हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा मिति २०७५/०१/२६ गते निजहरुको कार्यालय परिषरबाटै नियन्त्रणमा लिइ अनुसन्धान कार्य भइरहेको छ ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता